# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०७९।०८०
चलानी नं.: २८३३

मितिः२०७९।१२।१६

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ चैत्र १२ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

...........................
शिवप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलान्चोक बागमती प्रदेश, नेपाल

बैठक संख्या : १७

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ चैत्र १२ गते आइतबार दिनको ११:४५ बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

अधिकृत

छलफलका विषयहरुः

१. स्थापना दिवसका कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा,

२. नगरपालिका क्षेत्रभित्रको गैरखानी क्षेत्रको माटो निकासी नीति सम्बन्धमा

३. विभिन्न पूर्वाधार योजनाका लागि बजेट माग सम्बन्धमाः

४. स्मार्ट पालिकाको भुक्तानी माग सम्बन्धमा ।

५. आ.व. २०७९।८० का योजना स्वीकृत गर्ने समय सिमा निर्धारण सम्बन्धमा,

६. वडा कार्यालयमा रिक्त कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा,

७. उपप्रमुख बाट सिफारिस हुने योजना सम्बन्धमा,

८. विविध कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,

९. खोल्सी सारी सडक विस्तार गर्न सूर्यविनायक धुलिखेल, धुलिखेल सिन्धुली , बर्दिबास सडक आयोजनाको पत्र सम्बन्धमा

१०. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. बनेपा नगरपालिकाको बयालीसौं स्थापना दिवस यही चैत्र १४ गते भव्यताका साथ सम्पन्न गर्न गठित नगरपालिका स्थापना दिवस आयोजना मूल समारोह समितिको मिति २०७९।१२।१२ को बैठकबाट सिफारिस भएका कार्यक्रमहरु अनुमोदन गरी स्थापना दिवसको कार्यक्रम भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

३. बागमती प्रदेश आर्थिक ऐन, २०७९ ले गरेको कानूनी व्यवस्था बमोजिम यस नगरपालिका क्षेत्रभित्रबाट निकासी हुने गैरखानी क्षेत्रको माटो निकासीका सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

   क) निजी जग्गाबाट निस्कासन हुने माटोका हकमा प्रचलित कानून बमोजिम वरिपरिका साँधसधियारको सहमती र माटो उत्खनन् हुँदा वातावरणीय अनुकुलता लाई ध्यान दिएर मात्र गर्ने,

   ख) नगरपालिकाद्वारा सञ्चालन हुने विकास निर्माण क्षेत्रबाट निस्कासन भई व्यवस्थापन गर्नुपर्न माटोका हकमा आयोजना स्थलका लागि आवश्यक क्षेत्र व्यवस्थापन गर्न आवश्यक पर्ने मात्रामा मात्र माटो कटान र निस्कासनको व्यवस्था मिलाउने,

   ग) गैरखानी क्षेत्रको माटो निकासी गर्दा त्यस्तो माटो लैजाने व्यक्ति वा संस्थाले निकासी हुने माटोको परिमाणको आधारमा प्रदेश आर्थिक ऐनले तोके बमोजिमको निकासी शुल्क सम्बन्धित वडा कार्यालयमा अग्रिम रुपमा दाखिला गरेको हुनुपर्ने साथै त्यसरी निस्कासन हुने माटो ढुवानी गर्ने प्रत्येक सवारी साधनबाट सडक स्तरोन्नती शुल्क बापत रु. ३००। का दरले सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस नगरपालिकाको नगर प्रोफाइल तयार गर्न जिम्मेवारी पाएको स्मार्ट पालिका नामक संस्थाले आफूले पाउन बाँकी रकम भुक्तानी माग गरि दिएको निवेदन उपर छलफल हुँदा उक्त संस्थाले सम्पादन गरी पेश गरेको कार्यप्रगतिकै आधारमा पाउन बाँकी रकम भुक्तान दिने निर्णय गरियो ।

५. यस नगरपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

६. बनेपा नगरपालिकाका वडा नं. १,७,८,९ र १२ लाई बालमैत्री उन्मूख वडा घोषणा गर्ने निर्णय गरियो ।